प्रतिलिपि प्रमाणित

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.द्वि.प्र.)

आज मिति २०७५।१०।०७ को अट्ठाईसौं नगर कार्यपालिका बैठकमा पेश भएका कार्य सूची उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

१. कार्यसूची १ को हकमा नगर कार्यपालिका बैठकबाट पारित गरी आगामी नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो।

२. कार्यसूची २ को हकमा नगर कार्यपालिका बैठकबाट पारित गरी आगामी नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो।

३. कार्यसूची ३ को हकमा नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत करार/ज्यालादारीमा कामकाज गरिरहेका कर्मचारीहरुको मिति २०७५।१०।०१ देखि २०७६ असार मसान्त सम्म (छ महिना) को लागि म्याद थप गरी नगरपालिकाको आन्तरिक आयबाट खर्च लेख्ने निर्णय गरियो।

४. कार्यसूची ४ को हकमा यस नगरपालिकालाई प्राप्त तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदान यहि २०७५ माघ मशान्त सम्म कार्यान्वयनमा लग्नुपर्ने समय सीमा तोकिएकोले सो सीमाभित्र कार्य आरम्भ नभएमा बजेट फ्रिज हुने भनि निर्देशिकामा उल्लेख गरिएकोले नगरपालिकाको हित, उन्नति र प्रगतिका लागि उक्त कार्यक्रम यथाशिघ्र कार्यारम्भ गर्नुपर्ने देखियो। सो कार्यक्रम अन्तर्गत खानेपानी परियोजनाका लागि क्रमागत रुपमा बजेट बिनियोजन भएको र सो खानेपानी कार्यक्रम सञ्चालन गर्न यस पूर्व निर्णय भैसकेता पनि परियोजना संचालनका लागि ओभरहेड ट्याङ्क निर्माण गर्न र डिप बोरिङ्ग को लागि जमिन आवश्यक परेकोले नगरपालिका भित्र त्यस्तो ऐलानी, प्रति, सार्वजनिक जग्गा उपयुक्त स्थानमा नभएकोले न.पा. कार्यालयले सो मापदण्ड पुग्ने न.पा. कार्यालय नजिकैको श्री जनज्योती नमुना मा.वि. को स्वामित्वको जग्गा खानेपानी परियोजनाको ओभर हेड ट्याङ्क र डिप बोरिङ् बनाउन यस कार्यलयको मिति २०७५।१०।०४ च.नं.१३०१ को पत्रानुसार अनुरोध गरिएकोमा सो विद्यालयबाट विद्यालयको एकलौटि हकभोगको करिब ३(तीन) बिगाहा जग्गा मध्ये न.पा. कार्यालयसँग सटेको पश्चिम उत्तर किनाराबाट ओभरहेड ट्याङ्क बनाउन १ (एक) कठ्ठा जग्गा र सोहि जग्गाको पूर्वि उत्तर किनाराबाट डिप बोरिङ्ग निर्माण गर्न २ (दुई) धुर जग्गा उपलब्ध गराउन विद्यालय व्यबस्थापन समितिको निर्णय सहित सहमति प्राप्त भएकोले सो निर्णय अनुसारको जग्गा उल्लिखित परियोजना सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरियो साथै सो अनुसार नै खानेपानीको ओभरहेड ट्याङ्क र डिप बोरिङ्ग सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो।

५. कार्यसूची ५ को हकमा यस कार्यालयमा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरुको सावधिक जीवन विमाको हकमा २७औं कार्यपालिका बैठकको निर्णयानुसार गर्ने।

६. कार्यसूची ६ को हकमा साविक प्रगतिनगर गा.वि.स. को पुरानो जिर्ण भवन भत्काउने (Dismantle) आधार दर तय गर्ने सन्दर्भमा यस पूर्वको Dismantle शब्दलाई demolish राख्ने र सो का आधारमा मूल्याङ्कन समितिबाट पेस भएको प्रतिवेदन अनुसार हुबहु स्वीकृत गरी नियमानुसार लिलाम बढाबढको प्रक्रिया अगाडि बढाउन नगर कार्यापालिकाको कार्यालय देवचुलीलाई अख्तियारी दिने निर्णय गरियो।

७. कार्यसूची ७ को हकमा पेश भए बमोजिम कार्यप्रक्रियां अगाडी बढाउने निर्णय गरियो।

८. कार्यसूची ८ को हकमा सो विषयलाई बजेटको आवश्यकता पर्ने हुँदा आगामी बजेट अधिबेशनमा पेश गर्ने निर्णय गरियो।

९. कार्यसूची ९ को हकमा ऐलानी/प्रति/सार्वजनिक/सरकारी जग्गामा कुनै पनि पसल, व्यापर, व्यावसाय दर्ता एंव उद्योग सञ्चालनको लागि यस कार्यालयबाट अनुमति नदिने निर्णय गरियो।

१०. कार्यसूची १० को हकमा पेश भए बमोजिम हुने निर्णय गरियो।

Scanned by CamScanner

प्रतिलिपि प्रमाणित

नारायण प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

(रा.प.द्वि.प्र.)

११. कार्यसूची ११ को हकमा त्यस्तो खालको गुठीको जग्गा यस नगरपालिका क्षेत्रभित्र भएको जानकारी नभएको व्यहोरा सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो।

१२. कार्यसूची १२ को हकमा के गर्न सकिन्छ प्राविधिक खटाई प्राविधिक प्रतिवेदन सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

१३. कार्यसूची १३ को हकमा लागत सहभागिताको प्रतिवद्धता जनाउने निर्णय गरियो।

१४. कार्यसूची १४ को हकमा ऐलानी/प्रति/सार्वजनिक/सरकारी जग्गा बाहेकको स्थानमा सञ्चालित उद्योगहरुलाई उद्योग दर्ता प्रक्रियाको लागि अनुमति दिने निर्णय गरियो।

१५. कार्यसूची १५ को हकमा छलफल हुँदा नगरपालिकाको हिउँदे विधेयक अधिबेशनमा तयारी एंव विधायन मस्यौदा छलफल एंव छपाईमा तयारी व्यबस्थापन गर्नुपर्ने भएकोले उक्त काममा मिति २०७५।१०।०१ देखि ऐ.ऐ. २१ गते सम्म खटिने कर्मचारीलाई विहान बेलुकाको खाजा, खाना र चिया खर्च बापत सम्बन्धित कर्मचारीले खाईपाई आएको कूल तलब स्केलको ५०% ले १५ दिनको सुबिधा न.पा. को आन्तरिक स्रोतबाट प्रमुख प्रशासकीय अधिकृतले उक्त कामको लागि तोकिएका कर्मचारीहरुलाई उपलब्ध गराउने निर्णय गरियो।

१६. कार्यसूची १६ को हकमा ट्रान्सेन्ड नेपालले महिला शसक्तीकरण र नेतृत्व विकास सम्बन्धमा तथ्याङ्क संकलन तथा अध्ययनको लागि सो को प्रतिवेदन न.पा.मा पेश गर्ने गरि अनुमति दिने निर्णय गरियो।

१७. कार्यसूची १७ को हकमा सम्बन्धित समितिमा अध्ययन, छलफल गरी विधायन समितिमा पेश गर्न स्वीकृति दिने निर्णय गरियो।

१८. कार्यसूची १८ को हकमा कार्यपालिका/नगरसभा बाट पारित भएका ऐन, नियम, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड र सम्झौताहरु राजपत्रमा छपाईका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च गर्ने गरी रु ५०००००।– (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो।

१९. कार्यसूची १९ को हकमा देहाय बमोजिम निर्णय गरियो –

क. देवचुली नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यबस्थित गर्न बनेको विधेयक, २०७५ माथी छलफल गरी सम्बन्धित समिति मार्फत् आगामी हुने कार्यपालिका बैठकमा पेश गर्न लगाउने।

ख. नगरपालिका कार्यालयबाट स्वीकृत लिई नियमानुसार रसिद नकाटि ढुङ्गा, माटो निकासी भएको र अनधिकृत रुपमा ढुंगा, माटो उत्खनन् कार्यलाई निरुत्साहित गर्न सम्बन्धित वडामा सम्बन्धित वडा समितिले विशेष अभिरुचीका साथ निगरानी राख्ने र नगदी रसिद सम्बन्धित वडा अध्यक्ष मार्फत् जारी गरी अनुमति लिएको घनमिटर अनुसार निकासी भए/नभएकोमा सम्बन्धित वडा अध्यक्षबाट अनुगमन निरिक्षण गरी प्रतिवेदन पेश गर्ने।

ग. यस नगरपालिकाका विभिन्न वडा कार्यालयबाट माग भई आएका ह्यूमपाईपहरु, बिजुलीका पोलहरु माग बमोजिम वितरण गर्न रकम अभावका कारणले संभव नभएकोले माग गरेको प्रत्येक वडाका लागि दामासाहीले वितरण गर्ने एंव ह्यूम पाईप र पोल राख्ने खाल्टो खन्ने, पुर्ने लगायतका व्यबस्थापन सम्बनधी काम सम्बन्धीत वडाको उपभोक्ता समितिलाई जिम्मा दिने निर्णय गरियो।

घ. वडा अध्यक्ष ज्यूहरुलाई प्रत्येक महिना रु. ३०००।- (तीन हजार) मा नबढ्ने गरी बिल भर्पाईको आधारमा इन्धन खर्च भुक्तानी लिने र रु.१०००।- (एक हजार) बिल भर्पाईको आधारमा संचार खर्च उपलब्ध गराउने निर्णय गरियो।

२०७५।१०।११

Scanned by CamScanner